"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्याः २०७७।०७८

चलानी नम्बरः ९३१४

मितिः २०७७।१२।१९

**विषयः १० शैयाको आधारभूत अस्पताल भवन निर्माण गर्न निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक जग्गादाता लक्षित सूचना।**

सिरीजङ्घा गाउँ कार्यपालिकाको मिति २०७७ साल चैत्र १९ गते विहीबारका दिन सम्पन्न बैठकले यस गाउँपालिकाको ४ नं. वडा, तेल्लोकको भूभागभित्र १० शैयाको आधारभूत अस्पताल भवन निर्माण गर्ने प्रयोजनार्थ देहायमा उल्लिखित मापदण्ड बमोजिमको जग्गा निःशुल्करुपमा प्राप्त गर्ने भनी निर्णय गरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकमा जग्गाधनी प्रमाणपुर्जाको सक्कल प्रति, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी सहित आवेदन गर्नुहुन इच्छुक जग्गादाता लक्षित यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**जग्गाको मापदण्ड**

सडकको पहुँच, विजुलीबत्ती र खानेपानीको उपलब्धता भएको, पहिरोको जोखिम कम भएको ४ नं. वडा, तेल्लोकको भुभागभित्र कम्तीमा ७५ मिटर लम्बाई र ७० मिटर चौडाई भएको आयात आकारको समतल भुभागको विवादरहितको जग्गा हुनुपर्ने।

पुनश्चः उल्लिखित मापदण्ड बमोजिमको जग्गा दुई वा सोभन्दा बढी जग्गादाताहरुले छुट्टाछुट्टै स्थानमा निःशुल्क दिने भनी आवेदन गरेको खण्डमा बढी क्षेत्रफल भएको जग्गालाई पहिलो प्राथमिकता दिई प्रचलित कानून बमोजिम गठित समितिको सिफारिसमा निःशुल्क जग्गा प्राप्ति गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७७।१२।१९

(श्री सन्तोष घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner